नेपाल सरकार

भूमि समस्या समाधान आयोग

जिल्ला समिति, अर्घाखाँची

प.सं. ०८२/०८३ मितिः२०८२/०५/०४

च.नं २८

विषयः निवेदन दिने सम्बन्धित पैतीस (३५) दिने सूचना ।

श्री जिल्ला स्थित स्थानिय तह सबै,
अर्घाखाँची ।

प्रस्तुत सम्बन्धमा भूमि समस्या समाधान आयोग, ताहाचलले सार्वजनिक गरेको भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बासोबासीले निवेदन दिने सम्बन्धि पैतीस (३५) दिने सूचना यसै साथ पठाईएको छ । सोहिबाट जानकारी लिई आवश्यक कार्यबाही गर्नु गराउनुहुन जानकारीका लागि अनुरोध गरिन्छ ।

२०८२।०५।०४

सदस्य सचिव

---

नेपाल सरकार

**भूमि समस्या समाधान आयोग**

ताहाचल, काठमाडौं ।

फोन नं. ०१-५३१३९३२/५३१३९३६

**विगतका आयोग, समिति र कार्यदलका बाँकी कामको लागि निवेदन दिने सम्बन्धी अन्तिम पटकको ३५ (पैंतीस) दिने सूचना**

**प्रकाशित मिति : २०८२/०४/३०**

मिति २०७७/०१/०१ भन्दा अगाडि प्रचलित कानून बमोजिम नेपाल सरकारले गठन गरेका आयोग, कार्यदल र समितिबाट वितरण गरेका जग्गाहरूको स्वामित्व वा दर्ता स्रेस्ता वा नक्सा प्रमाणित लगायतका विषयमा कुनै समस्या भए आवश्यक प्रमाण कागजातसहित विगतका आयोग, समिति र कार्यदलका बाँकी काम सम्पन्न गर्ने सम्बन्धी कार्यविधि, २०८१ को अनुसूची २ बमोजिमको ढाँचामा यस आयोगको सम्बन्धित जिल्ला समितिको सचिवालयमा मिति २०८२/०४/३० देखि ३५ (पैंतीस) दिनभित्र निवेदन पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

---

नेपाल सरकार

**भूमि समस्या समाधान आयोग**

ताहाचल, काठमाडौं ।

**भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीले निवेदन दिने सम्बन्धी पैंतीस (३५) दिने सूचना ।**

**(अन्तिम पटकको सूचना प्रकाशन मिति : २०८२/०४/३०)**

भूमि समस्या समाधान आयोगले भूमिहीन दलित तथा भूमिहीन सुकुम्बासीलाई जग्गा उपलब्ध गराउने र अव्यवस्थित बसोबासीको व्यवस्थापन गर्ने प्रयोजनका लागि कार्य सहमतिपत्र अनुसार सम्झौता भइसकेका सम्पूर्ण स्थानीय तहका भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीले जग्गा प्राप्त गर्नका लागि आयोगले तोकेको ढाँचा बमोजिम निवेदन फाराम भरी मिति २०८२/०४/३० देखि ३५ दिनभित्र स्थानीय तहबाट वडाका तोकिएका स्थानहरूमा खटिएका लगत संकलक मार्फत पेश गर्नु हुन यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ ।